नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- २०७९/८०

चलानी नं.:- १७८३

मितिः २०८०/०१/२७

विषयः परिपत्र सम्बन्धमा ।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय/प्रदेश/स्थानीय तह (सबै) ।

प्रस्तुत विषयमा यस मन्त्रालय लगायत सबै मन्त्रालयहरूबाट विभिन्न मितिमा निजामती सेवा ऐन, २०४९ को दफा १५ को उपदफा (१) बमोजिम पदस्थापन गरिएका, दफा १८ को उपदफा (१) बमोजिम सरुवा गरिएका, दफा १८क. बमोजिम काज खटाइएका तथा काज फिर्ता गरिएका, कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९ को उपदफा (९) र दफा ११ को उपदफा (२) बमोजिम कामकाज गर्न खटाइएका तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (४) बमोजिम स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्न खटाइएका संघीय निजामती कर्मचारीहरू प्रचलित कानुनबमोजिम सरुवा/पदस्थापन/कामकाज/काजमा खटाइएका र काज फिर्ता गरिएका निकाय/कार्यालयमा रमाना भई जानुपर्नेमा हालसम्म पनि रमाना नलिएका कारण सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष असर परेको हुँदा तत् तत् कर्मचारीहरूलाई निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना दिई पठाउने सम्बन्धमा तपसिल बमोजिम गर्नु/गराउनु हुन यस मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८०/०१/२७ को निर्णयानुसार अनुरोध छ ।

तपसिलः

१. हालसम्म सरुवा/पदस्थापन/कामकाज/काजमा खटाइएका र काज फिर्ता गरिएका कर्मचारीहरूलाई निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना दिई ७ (सात) दिनभित्र सोको जानकारी यस मन्त्रालयलाई गराउने,

२. सरुवा/पदस्थापन/कामकाज/काजमा खटाइएका र काज फिर्ता गरिएका कर्मचारीहरूको सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना लिने अवधि गुज्रिएपश्चात् साविकका निकाय/कार्यालयबाट निजहरूको विदा स्वीकृत नगर्ने/नगराउने,

३. सरुवा/पदस्थापन/कामकाज/काजमा खटाइएका र काज फिर्ता गरिएका कर्मचारीहरूले बुंदा नं. १ बमोजिम हुने गरी रमाना नलिएमा निजामती सेवा नियमावली, २०५० को नियम ६८ बमोजिम विभागीय सजायको प्रक्रिया सुरु गरी सोको जानकारी यस मन्त्रालयलाई गराउने,

४. निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना भई नजाने कर्मचारीहरूलाई उपलव्ध गराएको सेवा, सुविधा र पारिश्रमिक सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखबाट असुलउपर गर्नको लागि लेखा परीक्षण गर्ने निकायलाई अनुरोध सहित पत्राचार गर्ने,

५. बुंदा नं. १-४ सम्मका निर्णय कार्यान्वयन नगर्ने/नगराउने विभागीय प्रमुख/कार्यालय प्रमुख र सम्बन्धित कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ को दफा ६०(क) बमोजिम विभागीय सजायसम्बन्धी कारबाही अघि बढाउने ।

.....................

(विकास डंगोल)

शाखा अधिकृत